गण्डकी प्रदेश सरकार

कृषि तथा भूमि व्यवस्था मन्त्रालय

# कृषि विकास निर्देशनालय

मालेपाटन, पोखरा

# कार्यक्रम सञ्चालनको लागि आवेदन पेस गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८०/०५/०८

यस निर्देशनालयको आ.व २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलका कार्यक्रम सञ्चालनका लागि गण्डकी प्रदेश अन्तर्गत रहेका कृषि फर्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारीबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र (मिति २०८०/०६/०६) तोकिएको ढाँचामा परियोजना प्रस्ताव तथा देहायका उल्लिखित कागजातहरु सहितको निवेदन यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**कार्यक्रमहरुको विवरण :**

| क्र.स | कार्यक्रमको नाम | स्वीकृत लक्ष्य | प्रति आयोजना अधिकतम अनुदान रकम | अनुदानग्राहीले व्यहोर्नुपर्ने न्युनतम लागत साझेदारी प्रतिशत | क्रियाकलापहरु |
|---|---|---|---|---|---|
| १ | कोल्ड रुम निर्माण कार्यक्रम | ५ | १० लाख | ५० | १०-५० मेट्रिक टन क्षमताको वातानुकूलित कृषि उपज भण्डारण कक्ष निर्माण तथा व्यवस्थापनको लागी सहयोग |
| २ | कृषि उपज प्रशोधन केन्द्र स्थापना सहयोग कार्यक्रम | २ | १५ लाख | ५० | कृषि उपजको प्रशोधन उद्योगको लागि आवश्यक मेसिनरी औजार खरिद, संरचना निर्माण आदिमा सहयोग |
| ३ | समुदायस्तरमा कृषि उपज संकलन केन्द्र निर्माण कार्यक्रम | ५ | १० लाख | १० | बजार सेड, कृषि उपज भण्डारण कोठा निर्माण आदिमा सहयोग |

**आवश्यक कागजातहरु :-**

- नविकरणसहितको संस्था दर्ता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाणपत्र, आव २०७९/८० को कर चुक्ता प्रमाणपत्र, आव २०७९/८० को वार्षिक लेखा परीक्षण प्रतिवेदन, प्रस्ताव पेस गर्नेसम्बन्धी सञ्चालक समितिको बैठकको निर्णय, नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
- संरचना निर्माण गरिने जग्गाको स्पष्ट कित्ता खुल्ने नापी नक्सा र लालपुर्जाको प्रतिलिपि ।
- समुदायस्तरमा कृषि उपज संकलन केन्द्र स्थापनाका लागि जग्गाको क्षेत्रफल तराईमा न्यूनतम ३ कठ्ठा र पहाडमा न्यूनतम १ रोपनी भएको हुनुपर्नेछ ।
- जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्ने भएमा कोल्ड रुम निर्माण कार्यक्रम, समुदायस्तरमा कृषि उपज संकलन केन्द्र निर्माण कार्यक्रम तथा कृषि उपज प्रशोधन केन्द्र स्थापना सहयोग कार्यक्रमको लागि न्युनतम १५ वर्षको जग्गा करार सम्झौताको प्रमाणित प्रतिलिपि ।
- कृषि ज्ञान केन्द्र, सम्बन्धित पालिका/वडाको सिफारिस पत्र ।
- विगतका आव मा सरकारी निकायबाट अनुदान लिए/नलिएको स्वघोषणा पत्र ।
- आवेदकले हाल संचालन गरिरहेका कृषि गतिविधि झल्किने फोटोहरु ।

**अन्य व्यवस्था:**

- समुदायस्तरमा कृषि उपज संकलन केन्द्र निर्माण कार्यक्रमको लागि कृषक समूह, कृषि सहकारी र कृषि उपज बजार सञ्चालक समितिले मात्र आवेदन दिन सक्नेछन् ।
- कार्यक्रमसंग सम्बन्धित आर्थिक, प्राविधिक पक्ष र अन्य व्यवस्था सम्बन्धित कार्यक्रमका मापदण्डले तोके बमोजिम हुनेछ ।
- संरचना निर्माण हुने जग्गा सडक मापदण्डभित्र नपरेको र विवादरहित हुनु पर्नेछ ।
- कार्यक्रम सञ्चालन कार्यविधि, मापदण्ड तथा प्रस्ताव फारम यस निर्देशनालयको वेबसाइट add.gandaki.gov.np तथा जिल्लास्थित कृषि ज्ञान केन्द्रको कार्यालयबाटसमेत प्राप्त गर्न सकिनेछ ।


**थप जानकारीको लागि सम्पर्क:**

**कृषि विकास निर्देशनालय, मालेपाटन, पोखरा**

**फोन नं. ०६१-५७०२७३/०६१-५७०२६३/०६१-५४३८९५, इमेल:** addgandakipradesh@gmail.com